म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १७३ शुक्रबार २० माघ २०७९ ने. सं. ११४३ सिल्लाथ्व 3 February 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**सार्वजनिक सम्पत्तिको संरक्षण गरौं**

- सार्वजनिक सम्पत्तिको अतिक्रमण नगरौं।
- सार्वजनिक सम्पति स्याहार संभार गरी सार्वजनिक काममा प्रयोग गरौं।
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु सबैको कर्तव्य हो।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानिनोक्सानी कानूनी रुपमा दण्डनीय हुन्छ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण वा हानिनोक्सानी हुँदा सम्बन्धित निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

## पर्यटक भित्र्याउने योजनाविहीन स्थानीय तह

साझाकुरा संवाददाता

हेटौंडा, १९ माघ/ एउटा सिंगो राष्ट्रदेखि समुदायस्तरको समुन्नति र विकासका लागि नभइ नहुने माध्यम पर्यटन क्षेत्र हो । तर, नेपालको पर्यटनले अपेक्षाअनुसार गति लिन सकेको छैन ।

पर्यटनलाई अर्थतन्त्र चलायमानदेखि हरेक क्षेत्रको विकाससँग जोड्न सकिन्छ । पर्यटनको महत्व धेरै भएपनि सरकारका तीन वटै निकायले भने पर्यटनलाई धेरै योजनाबद्ध रुपले अगाडि बढाएको देखिँदैन । मकवानपुर पनि पर्यटनका लागि सम्भावना बोकेको जिल्ला हो । मध्यतराईमा पर्ने मकवानपुरमा ठूलो क्षेत्रफलमा फैलिएको तालदेखि हिमालको दृष्यावलोकन गर्न सकिने उच्च भूभागसम्म पाइन्छ । प्राकृतिक सौन्दर्यतासँगै सामरिक महत्वका संरचनादेखि कृतिमरुपमा सृजना गरिएका पर्यटकीय क्षेत्र पनि मकवानपुर भित्रै छ । तर, मकवानपुरकै पर्यटन क्षेत्रले गति लिन सकेको छैन ।

राज्य पुन:संरचनासँगै बनेका केन्द्र, प्रदेश र स्थानीय सरकारले भौतिक विकासमा जोड दिँदा समुन्नति र विकासको मेरुदण्ड मानिएको पर्यटन क्षेत्र पछाडि परेको छ । जिल्लाका १० स्थानीय तहमध्ये अधिकांशले पर्यटन विकासलाई चासो नदिएको पाइएको छ । स्थानीय सरकारको अघिल्लो कार्यकालमा पर्यटनलाई मुख्य चासो दिएर काम गर्नेमा थाहा नगरपालिका, मनहरी र मकवानपुरगढी गाउँपालिका देखिएका छन् । थाहा, मनहरी र मकवानपुरगढीमा पर्यटन क्षेत्रको विकासमा करोडौं लगानी रहेको छ । थाहामा स्थानीय पार्कलगायतका पर्यटकीय संरचना निर्माण गर्न र प्रचारप्रसारमा करोडौं खर्च भएको हो ।

मकवानपुरगढी गाउँपालिकाले मकवानपुर राज्यमा विजय प्राप्त गर्दा पृथ्वीनारायण शाह हिँडेको खुँडेधार पदमार्ग निर्माण, मवानपुरगढी दरबारको पुन:निर्माण, प्राकृतिक



गुफा र धार्मिक पर्यटनमा करोडौं लगानी गरेको थियो । जसअनुसार मकवानपुरगढीमा अपेक्षा गरेभन्दा धेरै पर्यटक भित्र्याउन सकिएको निवर्तमान गाउँपालिका अध्यक्ष बिदूर हुमागाईं बताउँछन् । उनका अनुसार विगतको तुलनामा मकवानपुरगढी दरबारमै पर्यटन आउने संख्यामा उल्लेख्य बृद्धि भएको छ । उक्त दरबारबाट गाउँपालिकाको आन्तरिक स्रोतमा समेत आम्दानी बढेको छ । पछिल्लो समय भीमफेदी गाउँपालिकाले पनि पर्यटन क्षेत्रलाई चासो दिएको छ । भीमफेदीले चिसापानी गढी, हात्तिसारलगायत सामरिक महत्वको संरचनाको पुन:निर्माणमा जोड दिएको छ ।

पर्यटन क्षेत्रलाई नजिकसँग नियालीरहेकाहरुका अनुसार हेटौंडा उपमहानगरपालिका, थाहा नगरपालिका, मकवानपुरगढी र भीमफेदीले पर्यटकीय क्षेत्रको विकास गरेपनि प्रचारप्रसारमा पनि ध्यान नदिएको पाइएको छ । स्थानीय सरकारहरुले पर्यटकीय क्षेत्रको प्रचारप्रसारमा ध्यान नदिँदा पर्यटकहरु भित्र्याउन नसकिएको होटल एसोसिएसन मकवानपुरका निवर्तमान अध्यक्ष शंकरलाल श्रेष्ठ बताउँछन् । उनले जिल्लाकै पर्यटकीय क्षेत्रको विकासमा हेटौंडा उपमहानगरपालिकाको भूमिका धेरै हुने भन्दै बजार क्षेत्रमै प्रचारप्रसारका काम हुन नसकेको बताए । चारैतिरबाटै बाह्य तथा आन्तरिक पर्यटकहरु हेटौंडा आउने भएकाले उनीहरुलाई प्राथमिकतामा राखेर प्रचारप्रसार हुन नसकेको उनले बताए ।

नेपाल पर्यटन बोर्डको तथ्याङ्क अनुसार जनवरी २०२३ मा ५५ हजार ७४ जना पर्यटक नेपाल आएका छन् । तर, मकवानपुरमा आउने पर्यटक भने न्यून रहेको होटल व्यवसायीहरुले बताए । हजारौं पर्यटक नेपाल आउँदा पनि काठमाडौंबाट नजिकमा रहेको मकवानपुरमा पर्यटक आउन नसक्नुले यहाँको पर्यटन क्षेत्रको प्रचारप्रसार हुन नसक्नु रहेको होटल व्यवसायीहरु बताउँछन् । बोर्डका अनुसार जनवरीमा नेपालमा सबैभन्दा धेरै पर्यटक भारतीय आएका छन् । भारतसँग नेपालको मुख्य नाका बीरगञ्जबाट हेटौंडा नजिक भएता पनि भारतीयहरु मकवानपुरमा अडिने गरेका छैनन् । भारतीय पर्यटकहरुलाई मकवानपुरमै 'होल्ड' गरेर राख्ने योजना स्थानीय तहहरुसँग नभएको होटल एसोसिएसनका निवर्तमान अध्यक्ष श्रेष्ठले बताए ।

जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानले पर्यटन क्षेत्रको विकासका लागि १० वटै स्थानीय तहबाट व्यवस्थित योजनासहितका कार्यक्रम लैजान आफूले भूमिका खेल्ने बताए । यसअघि समन्वय समितिकै नेतृत्वमा नेपाल भ्रमण वर्षलाई लक्षित गर्दै मकवानपुरमा ३० ओटा पर्यटकीय गन्तव्य पहिचान गरिएको थियो । जिल्लाका १० वटै स्थानीय तहले आफ्नो क्षेत्रका ३/३ पर्यटकीय स्थल पहिचान गरेका थिए । छनौट भएका गन्तव्य स्थलको प्रचारप्रसार तथा आवश्यक संरचना निर्माणका लागि स्थानीय तहले विस्तृत परियोजना काम गर्ने बताए पनि अधिकांश स्थानीय तहले चासोका साथ काम गरेको नदेखिएको श्रेष्ठले बताए ।

हेटौंडा उपमहानगरमा सहिद स्मारक, चुरियास्थित नेपालकै पहिलो सुरुङमार्ग र गुम्बाडाँडामा रहेको मूर्ति बगैंचालाई पर्यटकीय गन्तव्यका रुपमा छनौट गरेको थियो । थाहानगरले दामन, सीमभञ्ज्याङ, चित्लाङ र राष्ट्रिय विभूति पार्कलाई पर्यटकीय गन्तव्यमा छनोट गरेको छ । कोटथुम्की, पाण्डुकेश्वर, ऋषेश्वर, मैत्रीबगैंचा, कुटकुटेश्वर, टिस्टुङको नर्बे ढुंगा, आग्राको डाँडेबास, बज्रबाराही, चन्द्रागिरी लगायत पर्यटकीय गन्तव्य थाहानगरमै रहेपनि तीनओटामात्रै छनौट भएका थिए ।

मनहरी गाउँपालिकाले पिस पार्क, रमौली जंगल सफारी र बनकरिया होमस्टेलाई पर्यटकीय गन्तव्यमा छनौट गरेको थियो । मकवानपुरगढीमा मकवानपुरगढी दरबार क्षेत्र, मनकामना मन्दिर र शहीद रुद्रवाटिका पार्कलाई छनौट गरेको थियो । भीमफेदीले ऐतिहासिक चिसापानीगढी, हात्तीसार र त्रिखण्डी मन्दिर क्षेत्र, राक्सिराङ गाउँपालिकाले पाइराङ भीम्बुङ, जलपरी झरना, चमेरे गुफा र चैनपुरस्थित चेपाङ संग्रहालय, इन्द्रसरोवर गाउँपालिकाले इन्द्रसरोवर ताल, भालेश्वर मन्दिर र मदन भण्डारी फाखेल मैत्रीपार्क चौकोटदेवी मन्दिर, कैलाश गाउँपालिकाले कैलाशवैकुण्ठ, देखारी र घैराङ पर्यटक पार्कलाई पर्यटकीय गन्तव्यमा छनौट गरेको हो ।

बकैया गाउँपालिकाले गौतमबुद्ध पर्यटन पार्क, धानेश्वर पार्क र बकैया ठाकुर पर्यटन पार्क, बागमती गाउँपालिकाले झुरझुरेस्थित शहिद स्मारक पार्क, गोल्मेदरबार क्षेत्र र बेतिनीस्थित वनभोज स्थललाई पर्यटकीय गन्तव्य छनौट गरेको थियो । तर, स्थानीय तहहरुले पर्यटन क्षेत्रको विकासमा आवश्यक बजेट बिनियोजन नगर्दा संरचना निर्माण र प्रसारप्रसार कार्य हुन सकेको छैन । स्थानीय तहहरुले भौतिक पूर्वाधार निर्माण र अनुदान कार्यमा बढी ध्यान दिँदा पर्यटन क्षेत्र ओझेलमा परेको गुनासो छ ।

## विज्ञान शिक्षकलाई क्षमता विकास तालिम

साझाकुरा संवाददाता

हेटौंडा, १९ माघ/ मनहरी गाउँपालिकाले गाउँपालिका अन्तर्गत्का मावि विद्यालयका विज्ञान शिक्षकहरुलाई पाँच दिने पेशागत क्षमता विकास तालिम दिन सुरु गरेको छ ।

नेपाल सरकार शिक्षा मन्त्रालयले पछिल्लो समय पाठ्यक्रम परिवर्तन गरेसँगै नयाँ पाठ्याक्रमअनुसार कसरी शिक्षण गर्ने, प्रश्न पत्र कसरी निर्माण गर्ने भन्ने विषयमा तालिम प्रदान गरिने मनहरी गाउँपालिका शिक्षा शाखाका स्रोत व्यक्ति पूर्णभद्र भुसालले बताएका छन् । कतिपय शिक्षकहरुको हातमा पाठ्यक्रम पनि नहुने भएकाले पाठ्यक्रमले गरेको व्यवस्थाको बारेमा पहिलो र दोस्रो दिन तालिम प्रदान गरिने उनले बताए ।

विज्ञान विषय प्रयोगात्मक विषय भएको तर, कतिपय शिक्षकहरुले अझै पनि प्रयोगात्मक



कक्षा सञ्चालन नगरेको भन्दै यसरी कसरी व्यवस्थापन गर्ने, प्रयोगात्मक कक्षाको महत्वको विषयमा प्रयोगशालामा लगेरै तालिम प्रदान गरिनेछ ।

१८ माघबाट सुरु भएको तालिम २२ गतेसम्म सञ्चालन हुने जनाइएको छ । तालिममा मनहरी गाउँपालिकाअन्तर्गत् रहेका १८ वटा सामुदायिक विद्यालय र तीन वटा निजि विद्यालयका शिक्षकहरुको उपस्थिति छ । तालिम प्राप्त गरिसकेपछि पाठयक्रमको आधारमा शिक्षण गर्ने, प्रश्नपत्र निर्माण गर्ने, विज्ञान प्रयोगशालमा विद्यार्थीहरु समक्ष कसरी प्रस्तुत हुने र कसरी सिकाउने भन्ने विषयमा जानकार हुने लक्ष्य राखिएको भुसालले जानकारी दिए ।

## मोबाइल महासंघको प्रदेश संयोजकमा आचार्य

हेटौंडा, १९ माघ/ मोबाइल बिक्रेता व्यवसायीहरुको साझा संगठन नेपाल मोबाइल व्यवसायी महासंघ बागमती प्रदेश संयोजकमा हेटौंडाका छतेन्द्र आचार्य चयन भएका छन् ।

मोबाइल व्यवसायी महासंघ केन्द्रीय समितिले बागमती प्रदेश कमिटीको संयोजकमा आचार्यलाई तोकेको हो । आचार्य हेटौंडाका पुराना मोबाईल व्यवसायी हुन् । उनी मोबाइल एसोसिएसन अफ नेपाल (म्यान) मकवानपुरका संस्थापक अध्यक्ष हुन र महासंघको केन्द्रीय सदस्यसमेत रहेका छन् ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

## १२ लाख ६९ हजार भेडाबाख्रालाई पीपीआर खोप लगाइँदै

साझाकुरा संवाददाता

हेटौंडा, १९ माघ/ बागमती प्रदेश सरकारले प्रदेशभित्रका १२ लाख ६९ हजार भेडाबाख्रालाई पीपीआर खोप लगाउने भएको छ ।

हरेक वर्ष अभियान नै सञ्चालन गरेर प्रदेश सरकारले भेडाबाखालाई पीपीआर खोप लगाउने गरेको छ । यसवर्ष पनि सोही अभियानलाई निरन्तरता दिँदै प्रदेश सरकारले प्रदेशभित्रका १२ लाख ६९ हजार भेडाबाख्रालाई पीपीआर खोप लगाउने भएको हो ।

सरकारले यहि फागुन १ गतेदेखि ७ गतेसम्म सप्ताहव्यापी खोप अभियान सञ्चालन गरी भेडाबाख्रालाई पीपीआर रोगविरुद्ध खोप लगाउन लागिएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सूचना अधिकारी अनुप अधिकारीले जानकारी दिए ।

मन्त्रालयका अनुसार बागमती प्रदेशमा २५ लाख २० हजार छसय ७१ बाख्रा र ९२ हजार पाँचसय ६१ भेडा गरी २६ लाख १३ हजार दुईसय ३२ भेडाबाख्रा छन् । जसमध्ये यो वर्ष १२ लाख ६९ हजार भेडाबाख्रालाई पीपीआर खोप लगाउन लागिएको हो । गएको वर्ष मन्त्रालयले यहि अभियानअन्तर्गत् आठ लाख २१ हजार चासय ८९ बाख्रा र ८ हजार छसय ९८ भेडालाई पीपीआर खोप लगाएको थियो ।

'पीपीआर भेडा बाख्रामा विषाणुबाट लाग्ने घातक संक्रामक रोग हो । यसलाई भेडा बाख्राको हैजा पनि भनिन्छ', अधिकारीले भने, 'नेपालमा पीपीआर रोगका कारण वर्षेनि धेरै संख्यामा भेडाबाख्रा मरेर कृषकहरुले ठूलो आर्थिक क्षति व्यहोर्नु परेको छ । यस्तो अवस्था आउन नदिनका लागि मन्त्रालयले खोप अभियान सञ्चालनमा ल्याएको हो ।' अफ्रिकी देशबाट सुरु भएको यो रोग नेपालमा पनि सबैजसो जिल्लामा देखापरेको अधिकारीले बताए । यो रोगको खास उपचार नभएकोले यसको नियन्त्रणको लागि सामूहिक खोप अभियान नै प्रभावकारी पद्धति भएको उनको भनाइ छ ।



साझाकुरा

## हाम्रो कुरा

# सिमसार क्षेत्र संरक्षणमा विशेष योजना आवश्यक

सिमसार भन्नाले पानी र जमिन मिश्रित दलदल भएको भू-भाग हो । जुन थलो ओसिलो र धापिला हुन्छन् अर्थात् बाह्रै महिना पानी नसुक्ने भूमि हुन् । सिमसार वनस्पतिका आकर्षक भूमि, पन्छीका निम्ति आश्रय थलो र पानीको आधार देखि जलाधारका स्रोत पनि हो । यस्ता सिमसार क्षेत्रहरूमा दुर्लभ चराचुँरुङ्गीहरुको पनि वासस्थान मानिन्छ । विश्व रामसार सूचीमा नेपालका १० वटा सिमसार दर्ता भएका छन् । कैलालीको घोडाघोडी ताल, रारा ताल, कोशी टप्पु वन्यजन्तु आरक्ष, बीसहजारी ताल, जगदीशपुर जलाशय, से फोक्सुण्डो ताल, माई पोखरी अनि पोखरा क्षेत्रका नौवटै तालहरू सिमसार क्षेत्रका जाज्वल्यमान दृष्टान्त हुन् । हाम्रै पुराना अध्ययनहरूले नेपालमा ठूला-साना गरी चार हजारनजिक सिमसार क्षेत्र छन् ।

हिजो फेब्रुअरी २ तारिख अर्थात् 'विश्व-सिमसार दिवस' मनाइयो । विश्वको पर्यावरण र जलाधार निम्ति सिमसारको भूमिका अत्यन्त महत्वपूर्ण मानिन्छ । 'मानिस र प्रकृतिका लागि सिमसार बचाउने कदमहरू'का रुपमा सिमसार क्षेत्रहरुको जगेर्ना भन्ने नाराका साथ सन् २०२३ को 'विश्व सिमसार दिवस' मनाइयो । समुन्द्रले नछोएको भूपरिवेष्टित देश भएपनि नेपाल जलश्रोतमा सम्पन्न मानिन्छ । हामीसँग नदीनाला, ताल तलैया अनि कुवा, पोखरीसहित पानीको मात्रा धेरै छ । राष्ट्रिय सिमसार नीति, २०५९ अनुसार, नेपालको तराईका सिमसार क्षेत्रहरूमा मात्रै ३२ प्रजातिका स्तनधारी जनावर, ४६१ प्रजातिका चराहरू, ९ प्रजातिका कछुवा, २० प्रजातिका सर्प र २८ प्रजातिका माछा पाइन्छन् ।

हाम्रै वरपरका कति सिमसार क्षेत्रहरूमा घर या कार खाना खोलिँदैछन् । प्लटिङ गरेर जग्गा तयार गरिँदैछ । अन्य प्रयोजनका लागि अतिक्रमण पनि भइरहेका छन् । मानवीय विकास क्रम अनि पूर्वाधारहरूको अविवेकी विकास क्रमले नेपालमा सिमसार क्षेत्र मासिने क्रम बढेका छन् । सिमसार क्षेत्र हेर्दा अत्यन्त ओसिलो र दलदल भएकाले उत्तिकै मनमोहक र सुलभ नदेखिन सक्छन् । सिमसार क्षेत्रहरूका जीवहरू, वनस्पति एवम् माटोको संरचनाले पृथ्वीको फोहोर पानी र मिसिएका रसायनहरूलाई छानेर सफा र स्वच्छ बनाइदिने भएकाले यी क्षेत्रहरूलाई पृथ्वीको मिर्गौला पनि भनिन्छ । त्यसैले सिमसार क्षेत्र संरक्षणमा तीनै तहका सरकारले योजनाबद्ध काम गर्नु जरुरी छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ माघ २१ गते शनिबार ४ फेब्रुअरी २०२३ । चर्तुदशी माघ शुक्लपक्ष। सिल्लाथ्व ११४३ ने.सं. । सूर्योदय ६:५१, सूर्यास्त ५:४५ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : लगानीको अवसर जुट्नेछ | **तुला** | : आम्दानी बढ्नेछ |
| **वृष** | : यात्रा अघि बढ्न सक्नेछ | **वृश्चिक** | : पितृधन लाभ हुनेछ |
| **मिथुन** | : वैदेशिक क्षेत्रबाट लाभ पाइनेछ | **धनु** | : नयाँ ज्ञान प्राप्त हुनेछ |
| **कर्कट** | : छिमेकमा असमझदारी बढ्नेछ | **मकर** | : कृषिमा हानि हुनेछ |
| **सिंह** | : प्रतिस्पर्धाबाट फाइदा मिल्नेछ | **कुम्भ** | : व्यापारमा फाइदा मिल्नेछ |
| **कन्या** | : समय उत्साहवर्द्धक छ | **मीन** | : इनाम हात पर्नेछ |

# नेपाली समाजको द्वैध चरित्र



प्रतीक प्रधान

गत हप्ता दुई वटा घटना सँगसँगै जसो घटे, पहिलो प्रेम आचार्यको आत्मदाह र दोस्रो शिशिर खनालको पुत्ला दहन । त्यसैले पनि छोटो समयको अन्तरालमा सँगसँगै जस्तो देखिएका दुई परिदृश्यले घटनाबीचको स्पष्ट तुलना, नेपाली समाजको चरित्र, तिनका समानता, विमति, द्वैध चरित्रलाई यति नजिकै ल्याएर केलाउने संयोग जुरेको हो ।

उद्यमी प्रेम आचार्यको आत्मदाहले उठान भएका ऐंठनहरूले त्यति ठूलो हल्ला गर्दैनथ्यो होला यदि तिनले ती विषय मात्र उठान गरी आत्मदाह नगरेका भए । त्यो चीत्कार, त्यो आगो अनि त्यो संसद भवन । यी तीनको मिश्रणबाट जन्मिएका रासायनिक प्रतिक्रियाले प्रेम आचार्यले उठान गरेका मुद्दाहरूलाई नागरिकले प्रमाणीकरण, अनुमोदन र अपनत्वकरण गरेका हुन् । नितान्त विपरीत ुवीय विचारको बफान स्वाभाविक हो । तर 'समविचारको ुवीकरण' खोज्ने, अन्तर द्वन्द्वको आह्वान गर्ने स्वार्थी समूह हाबी हुने राजनीतिले उत्पादन गरेको समाज र तिनका चरित्र विवेकी र नैतिक नभई कि त चरम राष्ट्रवादी या अतिवादी मात्र हुनसक्छन् ।

राजनीति 'स्वार्थ समूह'को राजनीतिक कर्मकाण्ड बन्न नछोडेसम्म, समाज समानुपातिक, समन्यायिक, प्रतिस्पर्धी, सक्षम, योग्य र नैतिक बन्नै सक्दैन । शिक्षामन्त्रीको पुत्ला दहन हुनु र प्रेम आचार्यको आत्मदाहको कारणहरूको भर्त्सना गर्नु दुई फरक घटना हुन् । तर तिनका आशयमा तात्विक फरक छैन । नागरिकको हैसियतले प्रेम आचार्यले उठान गरेका मुद्दाले एउटा उद्यमीका चुनौती र समस्यामाथि प्रकाश परेको छ । उता, एउटा मन्त्रीको हैसियतले शिशिर खनालले पाठ्यपुस्तक समयमा प्रकाशित नहुने र विद्यार्थीको भविष्य माथि पर्ने त्यसको दूरगामी असरको समाधानस्वरूप निजी संस्थालाई प्रकाशन अनुमति दिने निर्णय गरेका थिए । छोटकरीमा भन्दा पहिलो मुद्दा समस्याको उजागरमा केन्द्रित थियो भने नितान्त फरक दोस्रो मुद्दा समाधानमा केन्द्रित थियो । यता एउटा निजी संस्थाप्रतिको पूर्वाग्रहको कारण या राजनीतिक स्वार्थबफान जे भने पनि केही निश्चित समूहले शिशिर खनालको 'पुत्ला दहन' गऱ्यो ।

र, उता प्रेम आचार्यको घटनामा निजी संस्था र उद्यमीप्रति राज्यको अन्यायपूर्ण व्यवहार को व्याख्या भनी 'विरोध' ! समाजले यति छोटो अन्तरालमा एकै विषयमा पात्र र परिस्थिति अनुसार कसरी नितान्त विपरी ध्रुवीय निर्णय गर्न सक्छ ? गजब छ यो रसायन ! क्रियाको प्रतिक्रिया हुनु, दुई पक्षबीच विचारको घर्षण हुनु, सकारात्मक, प्रगतिशील, प्रतिस्पर्धी समाजको गुण हो । तर दुई विचार एकै समय एकै व्यक्तिभित्र हुनु, दोहोरो चरित्रको प्रकोपको शिकार हुनु द्वन्द्वात्मक मात्र होइन घातक पनि हो ।

व्यक्तिवादी विवेकको प्रयोग, पूर्वाग्रहपूर्ण राजनीतिक संस्कार नेपाली राजनीतिको विशेषता र अभ्यास हो । प्रणालीगत सुधारको जनअपेक्षाको लहर नयाँ शक्तिको उदयको मुख्य म्यान्डेट हो । प्रक्रियागत त्रुटिको विरोध हुनु स्वाभाविक हो । तर पाठ्यपुस्तक निजी संस्थालाई दिएकै आधारमा त्यस्ता कार्यको भर्त्सना हुनुले राज्यले दाल, चामल, तरकारी आफैं बेच्नुपर्छ भन्ने विकल्पको पक्षधर रहेको समाजको सांकेतिक परिदृश्य हो ।

### सरकार व्यवस्थापक हो, उत्पादक होइन

सरकारको काम पेट्रोल बेच्ने, चामल बेच्ने, औषधि, पाठ्यपुस्तक, बेच्ने होइन भनी सन् १९९० मा विश्व बैंकको संरचनात्मक समायोजन कार्यक्रम अन्तर्गत हामीले आर्थिक उदारीकरण र निजीकरणको नीति र अभ्यास सुरु गरेका हौं । उद्यमशीलता आजको आवश्यकता हो भन्ने कुरामा समृद्ध नेपाल सुखी नेपालीको कुरा गर्ने वामपन्थी र समुन्नत नेपालको सपना बाँड्ने प्रजातान्त्रिक लगायत, पूँजीवादी ढर्राका दक्षिणपन्थी सबै राजनीतिक शक्तिहरूको 'उद्यमशील विकास' लाई वादविवाद होइन, वक्तृत्वकलाको रूपमा बहस गरेको अवस्था छ । यति हुँदाहुँदै अपुग पाठ्यपुस्तक निजी उद्योगलाई छाप्न दिएको आरोपमा शिक्षामन्त्रीको पुत्ला दहन गर्ने कार्यकर्ताहरू जुन विचारको, वादको भए पनि त्यो निन्दनीय काम हो ।

आर्थिक उदारीकरणको नीति अनुरूप निजी क्षेत्रलाई अर्थतन्त्रको खम्बा मानेर, पूँजी उत्पादन र परिचालनको मानक मानेर, रोजगारी सिर्जना, समृद्धि र समुन्नतिको महत्वपूर्ण साधन मानेर खुला अर्थतन्त्रको पक्षधर हौं भनी विभिन्न अन्तर्राष्ट्रिय संघसंस्थामा हस्ताक्षर गरेका छौं । यति हुँदाहुँदै पनि निजी क्षेत्र, उद्यमी विकास गर्ने, उद्यमशीलता प्रवर्धन गर्ने, व्यापार व्यवसाय राजनीतिक दाउपेचको शिकार हुँदै आएको छ ।

देशको समग्र औद्योगिक वातावरण फस्टाउन लघु तथा साना उद्यमको सुरक्षा प्राथमिक कदम हो । दर्ता प्रक्रियामा आएका हाराहारी ९ लाख उद्योगमध्ये ९० प्रतिशत लघु तथा साना र मझौला उद्योग छन् । जसले करिब रोजगारी सृजनामा ५० प्रतिशतको योगदान गरेका छन् । पूँजी लगानी र आकारमा संकुचित भए पनि लघु र साना उद्योगको महत्व स्वरोजगारको मार्ग बन्न सकेको छ ।

### उद्यमी समाजको चुनौतीका चरित्र

आफ्नो मृत्युपश्चात पनि आफ्नो मुद्दालाई प्रकाशमा ल्याउन सक्ने प्रेम आचार्यले जिउँदो छँदै किन यी मुद्दाहरूको उठान गरेनन् या कोसिस गरेनन् भन्ने प्रश्न पनि आउलान् । त्यो सँगसँगै एउटा निम्न या मध्यम आर्थिक स्तरको युवाले कुन स्तरसम्मको महत्वाकांक्षी हुने र कुन स्तरसम्मको सपना पाल्ने भन्ने प्रश्न पनि आउँछ ।

के नेपालले ठूलो सपना बोकेका साना मान्छेहरूलाई उसको उडान भर्न सहयोग हुने संयन्त्र निर्माण गरेको छ ? के यो देशले सानालाई सधैं सानै हुनुपर्छ भनी थचारेको त छैन ? के यो देशमा साना तथा लघु उद्यम गर्ने तमाम युवा आफ्नो जीवनकालमा नेपालमै बसेर उद्यम गरेर विदेश नगएकोमा पश्चात्ताप नगर्ने अवस्थामा छन् ? या देशमै बसेर उद्यम गरेकोमा गर्व गरेको अवस्था छ ? के उद्योगी घरानासँग सम्बन्ध नराख्ने पहिलो पुस्ताको उद्यमीहरूलाई यो देशले स्थापित गर्न सक्छ ? पोषणका १००० सुनौला दिन भने जस्तै शिशुलाई पहिलो १००० दिन जति प्रेम, पोषण, स्याहार चाहिन्छ, साना तथा लघु उद्योगलाई ठिक त्यस्तै प्याकेज अन्तर्गत संरक्षण र प्रवर्धन गर्ने नीति निर्माण गर्न सरोकार वाला निकायको ध्यान आकर्षण होस् ।

के नयाँ उद्यमी र तिनका सम्भावना र आकांक्षालाई निरन्तर परिभाषित गर्न र तिनका पहिचानलाई सुनि र सम्मानित बनाउन सकेको छ ? १७ लाख रोजगारी सिर्जना गर्ने साना उद्यमीलाई आकारमा झन् झन् खुम्चिन, संकुचन हुन नदिन के यो राज्य संयन्त्र संवेदनशील छ ? भ्रष्टाचार नगरी यो देशमा बाँच्न चाहने नागरिक र उद्यमीको लागि के यो देशले बाँच्न सक्ने वातावरण निर्माण गरेको छ ?

राजनीति व्यापार र व्यापार राजनीति बनेको परिपेक्ष्यमा, स्वार्थको द्वन्द्वको मुद्दा २/४ ठाउँमा उठेको देखिए पनि स्वार्थको बफान नदेखिने कुनै क्षेत्र भेट्न सकिने अवस्था छैन ।

### नेपाली राजनीतिको गतिशील चरित्र

आर्थिक, सामाजिक समस्याको यथास्थितिमा राजनीतिक भविष्यको जग टिकाएकाहरूलाई हिजो २००७ सालपछिको राजनीतिक परिवर्तन, राणाशासनको अन्त्य, प्रजातन्त्रको उदय लगायत, संघीय गणतान्त्रिक मुलुकसम्मको यात्रामा यथास्थितिवाद नेपाली समाजको चरित्र कहिल्यै होइन भन्ने पाठ आफैं आन्दोलनका साक्षी भई बुझ्दै आएका हुन् । नेपाली समाज दिमागले होइन मनले सोच्छ । त्यसैले यो अति सहानुभूतिक तर अविवेकी छ । यो बजारमा सहानुभूति बेच्न सक्ने पात्र रातारात हिरो बन्छन् । समस्याका उठान गर्नेहरू सपुत कहलिन्छन् र समाधानका बुँदागत उपाय सुझाउने ओझेलमा पर्छन् । त्यसैले सहानुभूति बिक्री हुने बजारमा राजनीतिज्ञहरू समस्या बेचिराख्छन्, आफ्नो राजनीतिक आयु घटाएर घाटाको व्यापार गर्दैनन् ।

नेपाली समाज अधीर, शीघ्र प्रतिक्रियावादी, असंवेदनशील या अति संवेदनशील, दोहोरो चरित्र निभाउँदैछ । समाज संवेदनशील मात्र बनेर पुग्दैन, विवेकी हुनैपर्छ । समस्याको उठान गरेर मात्र पुग्दैन, समाधान केन्द्रित हुनैपर्छ । त्यसैले प्रगतिशील समाज संवेदनशील र विवेकी दुवै हुनुपर्छ । नेपाली समाज गतिशील भने पक्का छ । पछिल्लो समय हामीले देखेको भद्र क्रान्तिहरूको मौनताले नेपाली समाज तरंगित भएको छ । नेपाली राजनीतिले वैकल्पिक भनिएका राजनीतिक दल- विवेकशील जस्ता पार्टीको दशक लामो अथक् प्रयासले माग गरेको गन्तव्य- राष्ट्रिय राजनीतिमा रवि लामिछाने जस्ता व्यक्तिको पहिलो हिर्काइले निकास दिंदा परिवर्तन र क्रान्ति सजिलो र छिटो लाग्नु अप्राकृतिक होइन । अन्तिम हिर्काइले ढुंगा फुट्छ तर ढुंगा फुट्नु भन्दा अगाडि सयौं चोटि बर्सिएका ती छिना, हम्मर र तिनका क्रन्दन योगदानका गन्तीबाट भने छुट्नुहुँदैन ।

### राष्ट्रियताको नेपाली चरित्र

राष्ट्रिय उत्पादन प्रयोग गरौं भन्ने बोलीहरू व्यवहारमा नबिक्ने परिप्रेक्ष्यको शिकार भएका प्रेम आचार्य जस्ता उद्यमीलाई सोध्नुपर्छ र ाष्ट्रियताको परिभाषा । बाध्यताले विदेशिएका नेपालीलाई सोध्नुपर्छ उसको राष्ट्रको सिमाना । राष्ट्रियतालाई राष्ट्रिय एकताको आधार मान्न सकिएला तर यो वैयक्तिक अनुभूति हो । सामूहिक परिभाषाले व्यक्तिको स्वानुभूतिलाई धमिलो बनाउने काम गरिनुहुँदैन । हरेक नागरिकले र ाष्ट्रियताको आफ्नो अनुभूतिलाई आफ्नो परि भाषा बनाउने छुट हुन्छ ।

सुन्दा असंवेदनशील सुनिएला तर आफ्नो मृत्युसम्मलाई ध्यानाकर्षण गराउन सक्ने प्रेम आचार्यले कृषि उद्योग चलाउन सक्ने क्षमता राखेनन् कि भनी शंका गर्नु बेकार हो । तर सहानुभूति बिक्ने समाजमा उनको 'बजारीकरणको विवेक' बिक्री नभएको चैं पक्का हो । खोक्रो राष्ट्रियताको सिमाना कालापानीमा खोज्ने राजनीतिक दलहरूले नेपालीपन ७७ जिल्लाका नागरिकको अवस्था, रहनसहन, दु:ख, पीडा र बाध्यताभित्र खोज्नुपर्छ । अमेरिकाले लगिदिए अमेरिकन हुन तयार हुनुपर्ने आर्थिक, सामाजिक, राजनीतिक बाध्यताको आवरणभित्र राष्ट्रियताको परिभाषा खोज्नुपर्छ । हरेक वर्ष डीभी भर्ने लाइनले बयान गर्दैन भने राष्ट्रियता केवल राजनीतिको खोक्रो हतियार मात्र हो । हरेक दिन १५०० हाराहारी युवा बाध्यताले खाडी उड्दैनन् भने मात्र राष्ट्रियता नागरिकको लागि साँचो र इमानदार अनुभूति हो ।

### के नयाँ शक्तिले नयाँपन दिन सक्लान् ?

शिक्षा सुधार गर्छु भनी राजनीतिमा आएका शिशिरलगायतले राजनीतिको फोहोर, किचलोबाट हातखुट्टा झिक्ने अवस्था आउनुहुँदैन । राजनीति अहिले पछिल्लो समय नयाँ शक्तिभित्रबाटै फस्टाएको जस्तो स्टन्टबाजी पनि बन्नुहुँदैन । आफ्नो पहिचान कस्तो बनाउने हो-अधिकार सबैलाई छ तर नागरिक विवेकी बन्नु समुन्नत र विकसित समाजको पहिलो आधारशिला हो । हरेक क्रान्तिले विचार जन्माउँछ । २०६२/६३ पछि 'नयाँ नेपाल' भन्ने विचार खुब सुनियो ! नेपालमा पछिल्लो राजनीतिक परिवर्तन, नयाँ शक्तिको उदयले जन्माएको विचार चाहिं के हो ? विचार कार्यान्वयन गर्ने योजना के हो ? विचार मात्र जन्मिने क्रान्तिहरूले नयाँ क्रान्तिको आह्वानको समयावधि छोट्याइदिएको उदाहरण प्रशस्त छन् । सेवाको डेलिभरी, सुशासन, आर्थिक विकासका पूर्वयोजना बेगर जन्मिएका नयाँ विचारले नयाँपन दिन चुक्नु नै आज स्थापितहरू विस्थापित हुनुको कारण हो ।


विचारहरू सधैं नयाँ नहुन सक्छन् तर विचारमा, अभ्यासमा, प्रणालीमा नयाँपन हुनु परिवर्तन र गतिशीलताको साक्षी हुनु हो । नेपाली राजनीतिलाई तरंगित गरेका नयाँ शक्तिहरूको नयाँपन हेर्न केही समय धैर्य गर्नैपर्छ । शंकाको लाभ यिनीहरुलाई केही समय उपलब्ध जो छ । पदधारी हरेक नेताले एउटा कुरा नबिर्से पुग्छ- जनताले मलाई मन्त्री बन्न पठाएका होइनन्, मन्त्री बनेर मैले केही गर्छु भन्ने अपेक्षाले पठाएका हुन् । सीमित समयको लागि, सीमित शक्ति र स्रोतको उच्चतम प्रयोग गरी कसरी मैले आफ्नो कार्यकाल सफल बनाउन सक्छु भन्ने मात्र नबिर्सिए पुग्छ । पदको अहंकार होइन, पदको बोझ र जिम्मेवारीप्रतिको उत्तरदायित्व हावी भए पुग्छ ।

अन्त्यमा, आयातित वस्तुहरूको बाढीले साना उद्योग प्रतिस्पर्धी बन्न, लागत मूल्य घटाउन सक्ने बन्नुअघि नै बन्द हुने जोखिममा छन् । खुल्ला व्यापार, भूमण्डलीकरणको अवधारणा राष्ट्रिय हित, उद्यमीको संरक्षणमा आफ्नो स्वार्थ अनुकूल प्रयोग नगर्ने सरकारको अकर्मण्यताले देशमा केही गर्छु भन्ने नागरिकले अनागरिक जस्तो व्यवहार भोग्नुपरेको अमिलो यथार्थ हो, प्रेम आचार्यको आत्मदाह ।

पोषणका १००० सुनौला दिन भने जस्तै शिशुलाई पहिलो १००० दिन जति प्रेम, पोषण, स्याहार चाहिन्छ, साना तथा लघु उद्योगलाई ठिक त्यस्तै प्याकेज अन्तर्गत संरक्षण र प्रवर्धन गर्ने नीति निर्माण गर्न सरोकारवाला निकायको ध्यान आकर्षण होस् । ठूला माछाले साना माछालाई खान्छ भनी स्वाभाविक प्राकृतिक प्रणालीको रूपमा सानाहरूलाई बेवास्ता गर्ने काम आगामी दिनमा हुनुहुँदैन । उद्यमी प्रेम आचार्यको आत्मदाह नेपालको इतिहासको अन्तिम घटना बन्नुपर्छ । यो देशमा राजनीतिक कार्यकर्ताको झुण्ड होइन, गरिखाने उद्यमी जन्मिनुपर्छ र तिनको प्रेम आचार्यको जस्तो अन्त्य होइन, संरक्षण र प्रवर्द्धन हुनुपर्छ ।

*(साभार: अनलाइनखबर)*

# एमालेको घुर्मैलो नियत



कुलचन्द्र वाग्ले

सत्ता गठबन्धनको ठूलो दल नेपाल कम्युनिस्ट पार्टी (एमाले) को नियत झनझन घुर्मैलो हुँदैछ । सफा छैन । दस्तावेज र भाषणमा जे बखान गरे पनि व्यवहार शंकास्पद हुँदैगएको देखिन्छ । यसको नियत जे देखिएको छ परिणामको नियति चाहिँ हेर्न पर्खनै पर्छ । क्षोभका साथ भन्नुपर्छ - यतिबेला सबैभन्दा खराब असहिष्णु र अराजक शैलीको नेतृत्व एमालेले गरेको छ । यस्तो प्रक्रिया र प्रवृत्तिको संरक्षक यही पार्टीका अध्यक्ष केपीशर्मा ओली बनेका छन् ।

आरोप होइन । एमालेको व्यवहारमा प्रदर्शित घटना र टिप्पणीलाई हेर्दा उसको नियत शंकास्पद देखिन्छ । यसको लोकतान्त्रिक छायाछवि क्रमश: घुर्मैलो हुँदै प्रतिबद्धता खुइलिनेतिर लागेको हो कि भन्ने भान दिन्छ ।

विवेकशील र पार्टीभित्रै लोकतन्त्रको मर्म खोज्नेछन् कोही भने तिनलाई पनि एमाले नेतृत्वको व्यवहार यतिबेला बिझाएको हुनुपर्छ । मुख खोल्न नसके पनि । कथित जनवादी केन्द्रीयताको एक्लो प्राधिकार केपीशर्मा ओलीको नेतृत्वले क्रमश: शंकास्पद भूमिका गरेको छ । 'जबज' अब मार्गदर्शक सूत्र रहेन त्यहाँ । भयो - जतिबेला बरालियो जग (जबज) त्यो अहिलेको एमाले हो । निश्चय पनि नेकपा (एमाले)को सैद्धान्तिक दुर्गति र यस्तो व्यावहारिक अधपतन राजनीतिक अपेक्षा वा खुसीको विषय होइन । आफूलाई प्रजातान्त्रिक अभ्यासमा अभ्यस्त बताउने ऊ जब बरालियो यसको दुष्प्रभाव नेपाली राजनीतिलगायत अन्य पक्षमा समेत पर्ने नै भयो । चानचुने होइन, संख्यात्मक प्रतिनिधित्वको हैसियतमा एमाले यतिबेला पनि दोस्रो स्थानमा छ ।

यति ठूलो दल संवैधानिक बाटो र गन्तव्य निर्धारणमा चुक्दा प्रणाली र स्थिरतामा नै असर पर्ने सम्भावना बढ्ने भयो । तरल राजनीति थप पातलिने सम्भावना हुने नै भयो । यस्तो गम्भीर लक्षणप्रति एमालेका कार्यकर्ता कति सजग छन् ? त्यो चाहिँ भन्न सकिएन । सचेत भने हुनुपर्ने हो । केही घटनावलीलाई निफनेर हेरौं र तीनको उद्देश्य वा दिइएका तर्कलाई पुन: सम्झौं । तिनले नै एमालेको नियत शंकास्पद देखाउँछन् । एमालेका कार्यकर्ता उतर्सिनु जरुरी छैन । तिनले पार्टी हितको लागि उदात्त चिन्तनमा विवेक प्रयोग गरे सबैको हितमा योग पुग्छ ।

अहिलेको संविधान बनाउन एमालेको पनि योगदान छ कि छैन ? संविधानको भावना, मर्म र व्यवस्थाको व्याख्या वा निरुपण गर्ने को हो ? संविधानमा नै संवैधानिक इजलासको प्रावधान राखेको हो कि होइन ? संवैधानिक अदालतले सव्याख्या संसद् विघटन असंवैधानिक करार गरेपछि पुन: विघटन गर्ने त्यसताकाका प्रधानमन्त्री ओलीको व्यवहार अराजक र असहिष्णु हो कि होइन ? संविधानको व्याख्यातालाई कार्यकारीले चुनौती दिनु विधि हो र ?

रक्षक भनिने राष्ट्रपतिलाई राति उठाएर आफ्नो इच्छा मुताविक विघटन सदर गर्न लगाउने ? उनलाई संविधानको भक्षक बनाउने ? त्यसमाथि गल्ती, कमजोरी आत्मसात् गर्ने संस्कार विपरीत मैले जे गरें त्यही सत्य हो, त्यही विधि, विधान र संविधान हो भन्ने हठ बारम्बार उद्धृत गर्ने प्रवृत्ति अराजक र असहिष्णु हो कि, होइन ? प्रश्न खासगरी एमाले कार्यकर्तासँग हो । त्यहाँ नेता को छ र सर्वश्री ओलीबाहेक ? बाँकी सबै त कार्यकर्ता नै हुन् । पद वितरित पदाधिकारी भने छन् त्यहाँ । तिनले भनून् - अवैध ठहरिएपछि पनि पुन: त्यही कर्तुत गर्ने ? हजारौं बार त्यही कर्तुत सत्य हो भन्ने ? कस्तो शैली हो यो ? यस्तैलाई लोकतन्त्र भनिन्छ र ?

अर्को उदाहरण - रास्वपाका रवि लामिछानेको नागरिकतासम्बन्धी अदालती फैसलासँग छ । उपप्रधान तथा गृह मन्त्री र पार्टी सभापति रहेका लामिछाने अनागरिक ठहरिए र सबै पद एकसाथ गुमाए । लामिछानेको नागरिकता विषयको मुद्दामा संवैधानिक इजलासले दिएको नजिर हुने फैसलालाई एमालेका पदाधिकारी गठबन्धन भत्काउने षड्यन्त्र मान्छन् । एमाले महासचिव शंकर पोखरेलले फैसलालाई समीकरण बिगार्ने 'षड्यन्त्र' भने । अर्का पोखरेल वरिष्ठ उपाध्यक्ष ईश्वरले पनि त्यही भाषा बोले ।

पार्टीको उच्च पदासीन एमालेजनको राजनीतिक गति र मति के हो ? आलंकारिक राष्ट्रपतिको दुरुपयोग गर्ने, अदालतको हुर्मत लिने ? के अदालत पनि अहिलेकी राष्ट्रपति जस्तै आफ्नै इसारामा हिँड्नुपर्ने ? एमाले नियत यही हो ?

अर्कोतर्फ सरकारमा सहभागी राष्ट्रिय प्रजातन्त्र पार्टी संविधानविपरीत हौसिनुमा एमाले अध्यक्ष शर्मा ओलीको ढाढस छ कि छैन ? सरकारमा संरक्षण त ओलीकै रहेको सुनिँदैछ । भर्खरै पदमुक्त अर्थात् सांसद् पनि नरहेका लामिछानेलाई पुन: गृहमन्त्री बनाउन एमाले अध्यक्ष ओलीले प्रधानमन्त्री पुष्पकमल दाहाललाई दबाव दिनु न्यायोचित हुन्छ र ?

एमाले ओलीले लामिछानेलाई सम्भावित फौजदारीलगायत सबै मुद्दा मामिला टुंग्याऊ, प्रतिनिधिसभा सदस्य उपनिर्वाचनमा जितेर आऊ । त्यसपछि म संरक्षक छँदैछु नि भन्ने भरोसा दिए हुन्न र ? केही धैर्य गर भन्नु पो जायज होइन र ? नागरिकता विधेयक रोकाएर, हजारौं नेपालीलाई अनागरिक बनाउने एमाले संवैधानिक अदालतले अनागरिक (नागरिक बन्ने प्रक्रिया पूरा नगरेको) हुने भनेको मान्छेलाई तुरुन्तै गृहमन्त्री बनाउन किन उद्यत छ ? यसमा उद्देश्य के छ ? यस्तै हुन्छ लोकतान्त्रिक चरित्र ?

वर्तमान संविधान र न्यायालयको संवैधानिक फैसलाको पालनाको सन्दर्भमा एमाले अनिच्छुक, अराजक र असहिष्णु देखिने घटनावली हुन् यी । सिधा अर्थमा संविधानमाथि चोट । वैचारिक, चारित्रिक र सैद्धान्तिक हैसियतमा अहिलेको सरकारी गठबन्धन फोहरी राजनीतिक आहल हो । यिनीहरुबीच चलेको जुहारीले नै यो कुरा छर्लङ्ग पारेकै छ । संविधानको शपथ र पद, संविधानकै उछित्तो काढ्ने फोहरी प्रवृत्ति सँगैसँगै ! संरचनाकार एमाले ।

अब त लाग्दै छ - सारथी राप्रपाले चलाएको गोरु गाडामा बसेर एमाले अध्यक्ष ओली बकिंघम प्यालेस र टोकियो सयरमा जानेछन् ? परिणाम गठबन्धन फेरिन बाध्य छ । संविधानप्रति इमान भए नेकपा (माओवादी केन्द्र) नेपाली कांग्रेससँग जोडिन सुरक्षित छ । उल्लिखित यी यस्ता प्रसंग हुन् जसले नेपाल कम्युनिस्ट पार्टी एमालेको निष्ठा वा लोकतान्त्रिक चरित्र र व्यवहार घुर्मैलो घुर्मैलो धमिलिँदै गएको देखाउँछ । जब बरालियो जग (जबज) तब एमाले राजनीतिको भ्रान्त यात्री हुँदैछ । एमाले कार्यकर्तामा चेतना भया !

*(साभार:बाह्रखरी)*

# साझेदार दलहरुकै काउण्टडाउनमा प्रधानमन्त्री

काठमाडौं/प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई बिहीबार साँझ आधा घण्टाको फरकमा दुई सत्ता साझेदार दल, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र नागरिक उन्मुक्तिले अलग-अलग अल्टिमेटम दिएका छन् । नागरिक उन्मुक्तिले साँझ ८ बजेतिर बक्तब्य जारी गरेरै आफ्ना सांसद अरुणकुमार चौधरीलाई रिहाइ गर्न २४ घण्टाको अल्टिमेटम दिएको छ भने रास्वपाले गृहमन्त्रीबारे निर्णय लिन २ दिनको समय दिएको छ ।

रास्वपाका नेताहरु बिहीबार नै सरकार छाड्ने तयारीमा थिए । केन्द्रीय सदस्य र सांसदहरुको बैठक चलिरहेका बेला प्रधानमन्त्रीसँगै उच्चस्तरीय राजनीतिक संयन्त्रका संयोजक समेत रहेका एमाले अध्यक्ष केपी शर्मा ओली र राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले फोन गरेपछि रास्वपा सभापति रवि लामिछाने रोकिएका छन् ।

प्रधानमन्त्रीलाई २ दिनको समय दिएको रास्वपाको प्रष्ट अडान छ, गृह मन्त्रालय आफ्नो दलले पाउनुपर्छ । नभए सरकारबाट अलग हुने निर्णय हुनसक्छ । यसले सत्तारुढ गठबन्धनमा आएको फुट त रोकिएको छ, तर टरेको छैन ।

बरु प्रधानमन्त्री प्रचण्ड सत्ता साझेदार दलहरुकै काउण्टडाउनमा परेका छन् । अब उनले रास्वपा र नागरिक उन्मुक्तिको माग पूरा गर्ने वा समर्थन गुमाउने विकल्प मध्ये एक रोज्नुपर्ने हुनसक्छ । तेस्रो विकल्प चाहिँ प्रचण्डसँग नभएर रास्वपा र नागरिक उन्मुक्तिकै निर्णयमा भर पर्नेछ । त्यो भनेको दुबै दल अहिलेको अडानबाट पछाडि हट्दै सहकार्य जारी राख्ने निर्णयमा पुग्ने हुनसक्छ ।

यदि माग पूरा नभएको भनेर रास्वपा र नागरिक उन्मुक्तिले समर्थन फिर्ता लिने निर्णय गरेमा प्रधानमन्त्री प्रचण्डले सत्ता टिकाउन नेपाली कांग्रेससँगै सहकार्य गर्नुपर्ने पनि हुनसक्छ । किनकि रास्वपा र नागरिक उन्मुक्ति मात्रै नभएर प्रधानमन्त्री प्रचण्डसँग नेकपा एमाले, जनता समाजवादी पार्टी (जसपा) र जनमत पार्टी समेत असन्तुष्टि छ ।

जबकी यिनै दलका १६९ सांसदको हस्ताक्षर राष्ट्रपति कार्यालयमा बुझाएर प्रचण्ड १० पुसमा प्रधानमन्त्री नियुक्त भएका थिए । त्यो त्यस्तो समय थियो, जुन बेला राष्ट्रपति विद्यादेवी भण्डारीले संयुक्त सरकारका निम्ति दावी पेश गर्न दिएको समय अन्तिम भइरहँदा समेत प्रचण्डलाई प्रधानमन्त्री छोड्न कांग्रेस तयार थिएन ।



तर एमालेसहित अहिलेका सत्तारुढ दलहरुको साथ पाएर प्रचण्ड तेस्रोपटक प्रधानमन्त्री बने । गठबन्धन बदलेर प्रधानमन्त्री नियुक्त भएपछि प्रचण्डले यसअघिका अनुभवलाई समेटेर अगाडि बढ्ने बताएका थिए । तर दुई महिना नपुग्दै प्रधानमन्त्री प्रचण्ड सत्ता साझेदार दलहरुकै अल्टिमेटम र अडानबाट घेरिन पुगेका छन् ।

भागबण्डामा चित्त नबुझाएर जसपा सरकारमै सहभागी भएको छैन । रेशम चौधरीलगायत टीकापुर घटनाका आरोपितहरुको मुद्दा फिर्ता नागरिक उन्मुक्तिको शर्त छ । राष्ट्रपतिका उम्मेदवारलाई लिएर एमालेसँग खटपट बढेको छ । सहमति अनुसार, उद्योग तथा आपूर्ति नभएर खानेपानी मन्त्रालयमा सीमित पारिएको जनमत पार्टीको असन्तुष्टि छ ।

यस्तो बेला २० सिटको रास्वपाले गृह मन्त्रालय नपाए समर्थन फिर्ता लिने चेतावनी दिनुलाई राष्ट्रिय राजनीतिमा अर्थपूर्ण हुनेछ । किनकि रास्वपाबाट भत्कन शुरु हुने सत्ता गठबन्धन, संसदको अल्पमतसम्म पुग्नसक्छ । जसपा र नागरिक उन्मुक्ति सरकारमा नगएको अवस्थामा रास्वपा पनि बाहिरियो भने १० पुसको गठबन्धन १३३ सांसदमा झर्नेछ ।

त्यसदिन प्रचण्डलाई एमालेका ७९, माओवादी केन्द्रका ३२, रास्वपाका २०, राप्रपाका १४, जसपाका १२, जनमत पार्टीका ६, नागरिक उन्मुक्तिका ४ र तीन जना स्वतन्त्र सांसदले समर्थन गरेका थिए ।

माओवादी केन्द्रका सचिव देवेन्द्र पौडेल भने यो सरकार कुनै संकटमा पर्ने अवस्था नआउने बताउँछन् । 'हामीले राष्ट्रिय सहमतिको कुरा गरेका छौं, सबै मिलौ भनेका छौं । त्यसो भन्नु नराम्रो हो र ?' पौडेल भन्छन्, 'भत्काउने कुरा पो गलत हो, जोड्छु भन्दा सरकार झनै बलियो हुन्छ ।'

सत्ता गठबन्धनभित्र अविश्वास भने २६ पुसमा प्रचण्डलाई कांग्रेसले समेत विश्वासको मत दिएपछि उत्पन्न भएको थियो । १५ दिनसम्म आलोपालोमा पहिलो प्रधानमन्त्री मान्न समेत तयार नभएको कांग्रेसले विश्वासको मत दिदा प्रचण्डलाई संसदको असाधरण मत प्राप्त भएको थियो । विपक्षमा नेमकिपा र राष्ट्रिय जनमोर्चाको एक/एक सांसद मात्रै थिए ।

तर त्यही असाधरण विश्वासको मत अहिले प्रचण्डलाई संकटको कारण बन्न पुगेको छ । एमाले पूर्वसहमति अनुसार, राष्ट्रपति छोड्न तयार छैन । तर विश्वासको मतको बदला राष्ट्रपतिमै कांग्रेसको दाबी छ । कांग्रेसको अडानलाई बल पुग्ने १६ माघमा पार्टी बैठकबाट राष्ट्रपतिमा राष्ट्रिय सहमति खोज्ने निर्णय प्रचण्डले लिएपछि एमाले सशंकित छ ।

एमाले नेताहरुले सार्वजनिक रुपमै १० पुसको सहमति कार्यान्वयनको विकल्प नरहेको बताइरहेका छन् । त्यसदिन राष्ट्रपति एमाले र उपराष्ट्रपति माओवादीले लिने अनि प्रधानमन्त्री र सभामुखमा आलोपालो गर्ने सहमति गरेको थियो । रास्वपालाई गृह मन्त्रालय दिने निर्णय पनि त्यतिखेरै भएको थियो ।

प्रचण्ड भने गृह मन्त्रालय रास्वपालाई छोड्न प्रचण्ड तयार थिएनन् । तर संसदीय समीकरण र एमालेका अध्यक्ष केपी शर्मा ओलीको समेत जोड रहेपछि प्रधानमन्त्रीसँगै रास्वपा सभापति रवि लामिछानेले उपप्रधान एवम् गृह मन्त्रीको शपथ लिएका थिए ।

तर नागरिकताको वैधानिकता विवादको मुद्दामा सर्वोच्च अदालतको गरेको १४ माघको फैसलापछि रवि पदमुक्त भए । त्यही अवसर पारेर प्रचण्डले रास्वपालाई फेरि गृह मन्त्रालय नछोड्ने अडान लिएका छन् । रास्वपा र एमाले नेताहरु भने पूर्वसहमति अनुसार, प्रधानमन्त्रीले निर्णय गर्नुपर्ने पक्षमा छन् ।

'गृहमन्त्री कसलाई पठाउने भन्ने निर्णय रास्वपाको हो, उसैले गर्छ । तर रास्वपालाई गृह मन्त्रालय दिने भन्ने सत्ता साझेदार दलहरुको निर्णय भएकाले त्यो कार्यान्वयन हुनुपर्छ', एमाले सचिव पद्मा अर्याल भन्छिन् ।

यद्यपि रास्वपाको निर्णयकै कारण सत्ता संकटमा नपर्ने उनी बताउँछन् । 'कुन दलले के निर्णय गर्यो भन्दा पनि सत्ता सहकार्य गर्ने दलका शीर्ष नेताहरुले सिर्जना भएको समस्या हल गर्ने हो', अर्याल भन्छिन् ।

प्रधानमन्त्री प्रचण्डले भने रवि लामिछानेबारे सर्वोच्च अदालतको पूर्ण पाठ नआएकाले तत्काललाई गृह मन्त्रालय आफैसँग राख्ने बताइरहेका छन् । प्रधानमन्त्री प्रचण्डले यो बाहेक अरु दुई मन्त्रालय (युवा तथा खेलकुद र वन तथा बातावरण मन्त्रालय) पनि आफैंले चलाउँदै आएका छन् ।

अर्थात् प्रधानमन्त्री प्रचण्डले मन्त्रिपरिषदलाई पूर्णता दिन बाँकी रहँदै गठबन्धन संकटमा परेको छ । गठबन्धनबीच भागबण्डा मिलाउन नसक्दा र विश्वासको मत लिन भनेर प्रचण्डले प्रधानमन्त्री बनेको झण्डै एक महिना त १७ मन्त्रालय एक्लैले चलाएका थिए ।

११ पुसमा आफैसँगै शपथ लिएका चार मन्त्री (एमालेका ज्वालाकुमारी साह, दामोदर भण्डारी, राजेन्द्रकुमार राई र जनमत पार्टीका अब्दुस खान) लाई बिना विभागीय बनाएका प्रचण्डले ३ माघमा मात्रै जिम्मेवारी दिएका थिए । त्यसदिन थप १५ मन्त्री नियुक्त गरेपनि जसपासँग कुरा नमिलेकाले दुई मन्त्रालय आफै राखेका थिए । ११ पुसमा शपथ लिएका तीन उपप्रधानमन्त्री मध्ये रास्वपा सभापति रवि लामिछाने पदमुक्त भएपछि मन्त्रिपरिषद् थप अपूर्ण बन्न पुगेको छ ।

**प्रदेशहरू पनि अपूर्ण**

सत्तारुढबीच कुरा नमिल्दा संघकै जस्तो अवस्था प्रदेशहरुले पनि खेपिरहेको छ । सुदूरपश्चिम सरकार त संकट नजिक छ । नागरिक उन्मुक्ति पार्टीले आफ्नो माग पूरा नभएको भन्दै मुख्यमन्त्री राजेन्द्र रावललाई विश्वासको मत दिएको छैन ।

एमाले नेता राजेन्द्र रावल २६ पुसमा मुख्यमन्त्री नियुक्त भएका थिए । त्यसो हुँदा अबको ७ दिनभित्र (२६ माघ) विश्वासको मत लिइसक्नुपर्नेछ । यदि यो अवधिमा विश्वासको मत नपाए यो सरकार वैधानिक संकटमा पर्नेछ । तर प्रदेशसभामा ७ सिटको नागरिक उन्मुक्ति पार्टीले विश्वासको मत दिने कुनै संकेत दिएको छैन । विश्वासको मत नपाएकै कारण आफूसँगै शपथ लिएका दुई मन्त्रीलाई मुख्यमन्त्री रावलले विभागीय जिम्मेवारी दिन सकेका छैनन् ।

प्रदेश-१, मधेश र लुम्बिनीको सरकार पनि अपूर्ण छ । सत्ता साझेदार माओवादी केन्द्रले लिएको अडान र पार्टीभित्रको आकांक्षीलाई मिलाउन नसक्दा प्रदेश-१ का मुख्यमन्त्री हिक्मत कार्कीले अपूर्ण सरकार चलाइरहेका छन् । ९ सदस्यीय मन्त्रिपरिषदमा मुख्यमन्त्री कार्कीले आन्तरिक मामिला र आर्थिक मामिला मन्त्रालय आफै चलाइरहेका छन् ।

मधेश र लुम्बिनीका मुख्यमन्त्रीले पनि मन्त्रिपरिषद् बिस्तार गर्न सकेका छैनन् । २७ पुसमा मुख्यमन्त्री निर्वाचित जसपाका सरोजकुमार यादवले चार सदस्यीय मन्त्रिपरिषद् चलाइरहेका छन् । १० सदस्यीय मन्त्रिपरिषद् बनाउने तयारी गरेका मुख्यमन्त्री यादवले शीर्ष नेताहरुकै निर्णय कुरिरहेका छन् । लुम्बिनीको अवस्था पनि मधेश प्रदेशकै जस्तो छ ।

सत्ता साझेदारबीच कुरा नमिलेकाले मुख्यमन्त्री लिला गिरीले अहिलेसम्म दुई जना मात्रै मन्त्री नियुक्त गरेका छन् । कर्णाली, बागमती र गण्डकी प्रदेश सरकारले भने पूर्णता पाएको छ । केन्द्रकै सहमति अनुसार, एमालेले प्रदेश-१, गण्डकी, लुम्बिनी र सुदूरपश्चिमको नेतृत्व गरेको छ भने माओवादीले बागमती र कर्णाली सरकारको नेतृत्व गरेको छ । मधेश प्रदेशमा जसपाको नेतृत्वमा सरकार छ । निकट बिगतको नजीर हेर्ने हो भने संघमा सत्ता गठबन्धनबीच संकट आएमा सातै प्रदेश सरकार समेत अप्ठ्यारो पर्न सक्छ ।

*(स्रोत: अनलाइनखबर)*

# हेटौंडा आइडलबाट बाहिरिइन् स्याङ्तान

साझाकुरा संवाददाता



हेटौंडा, १९ माघ/ हेटौंडा आइडल गायन प्रतियोगिताबाट दीपा स्याङ्तान बाहिरिएकी छन् ।

हेटौंडा-१० टीसीएन चौरमा जारी १० औं राष्ट्रिय औद्योगिक व्यापार महोत्सवमा भएको हेटौंडा आइडल गायन प्रतियोगिताबाट दीपा स्याङ्तान बाहिरिएकी हुन् । बुधबार ९ जनाबीच भएको गायन प्रतिस्पर्धामा विहीबार स्याङ्तान आइडलबाट बाहिरिएकी हुन् । निर्णायकको मूल्याङ्कन, एसएमएस भोटिङ र टिकट अर्धकट्टीबाट गरिएको भोटिङको आधारमा स्याङ्तान आइडलबाट बाहिरिएको जनाइएको छ ।

स्याङ्तान बाहिरेसँगै विहीबार ८ जनाले आफ्नो प्रस्तुति दिएका छन् । जसमा अनिता मोक्तान (१) , प्रेमलाल बैठा (२), आवाज सुनार(३), सुस्मिता श्रेष्ठ (४), दीपेश श्रेष्ठ (५), राजेश दर्नाल (७), सुशन शाही ठकुरी (८), विजय लामा (९) रहेको आइडलका मुख्य निर्णायक विजय कार्कीले बताए । गायनपश्चात् उनीहरुलाई भोट गर्न टिकटको अर्धकट्टी र एसएमएसबाट भोटिङ गर्न सकिने हेटौंडा आइडल व्यवस्थापन समिति संयोजक एवम् मउवा संघका कार्यसमिति सदस्य अंकिता सुमार्गीले बताइन् ।

भोटिङ गर्न हेटौंडा आइडलको सर्टफर्म एचआई स्पेस प्रतिस्पर्धी नम्बर टाइप गरी ३१००३ मा एसएमएस गरी मन परेको प्रतिस्पर्धीलाई भोट गर्न सकिने मुख्य निर्णायक कार्कीले बताए ।

टिकट अर्धकट्टीबाट भोटिङ गर्न साँझ ६ बजेसम्म भोटिङ बक्समा भोट खसाल्नु पर्ने जनाइएको छ, भने एसएमएसबाट भने आज शुक्रबार विहान ११ बजेसम्म भोटिङ गर्न सकिने आयोजकले जनाएको छ ।

# महोत्सवमा प्रहरीको सचेतना

साझाकुरा संवाददाता



हेटौंडा, १९ माघ/ मकवानपुर प्रहरीले हेटौंडामा जारी १० औं राष्ट्रिय औद्योगिक व्यापार महोत्सव-२०७९ मा सचेतना मूलक कार्यक्रम गरेको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुर र सामूदायिक प्रहरी सेवा केन्द्र पशुपतिनगरले संयुक्तरुपमा महोत्सवमा सचेतनामूलक कार्यक्रम गरेको हो । मकवानपुर उद्योग वाणिज्य संघको आयोजनामा जारी महोत्सवमा प्रहरीले माक्स, सेनेटरी प्याड तथा सचेतनामूलक सन्देशमूलक सामग्री वितरण गरेको हो ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी निरीक्षक चुडाकुमारी खड्काको नेतृत्वमा उक्त कार्यक्रम गरिएको हो । महोत्सवमा भीडभाड बढी हुने भएकाले माक्स लगाउने, पाकेटमारदेखि सावधान, नचिनेको मान्छेले दिएको चिज नखाने, आफ्ना बालबालिकालाई साथमा राख्ने, आफूसँग भएका मोबाइल, गरगहना जस्ता अन्य वस्तुहरु सुरक्षित राख्न प्रहरीले सबैलाई सचेत गराएको थियो । सचेतना कार्यक्रममा मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ता, सामुदायिक प्रहरी सेवा केन्द्र पशुपतिनगरका अध्यक्ष राम विष्ट, सामुदायिक प्रहरी सेवा केन्द्र बसपार्कका अध्यक्ष प्रदीप कडेललगायत संघका पदाधिकारीहरुको सहभागिता थियो ।

# ९० जना विद्यार्थीलाई शैक्षिक सामग्री वितरण

साझाकुरा संवाददाता





हेटौंडा, १९ माघ/ रोटरी क्लब अफ मकवानपुरले एक विद्यालयका ९० जना विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरेको छ ।

भीमफेदी गाउँपालिका वडा नम्बर १ बाघचौरमा रहेको जनता आधारभूत विद्यालयमा अध्ययनरत् ९० जना विद्यार्थीलाई रोटरी क्लब अफ मकवानपुरले शैक्षिक सामग्री वितरण गरेको हो । विहीवार विद्यालयको कक्षा १ देखि ५ कक्षा सम्मका ९० जना विद्यार्थीहरुलाई झोला, कपि, पेन्सिललगायत शैक्षिक सामग्री हस्तान्तरण गरिएको छ ।

रोटरी क्लब अफ मकवानपुरका अध्यक्ष कृष्णबहादुर कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा जनता आधारभूत बिद्यालयका सञ्चालक समितिका अध्यक्ष पूर्णबहादुर स्याङ्तानको प्रमुख आतिथ्यता थियो भने प्रध्यानाध्यापक सुमित्रा अर्याल, रोटरी क्लब अफ मकवानपुरका पूर्वअध्यक्ष कविन सांगामी, रोट्रयाक्ट क्लब अफ मकवानपुरका अध्यक्ष प्रदीपकुमार राईलगायतको उपस्थिति थियो ।

कार्यक्रममा बोल्दै अध्यक्ष कार्कीले आगामी दिनमा पनि बिद्यालयलाई आवश्यक सहयोग गर्ने बताए । त्यसैगरी बिद्यालयका अध्यक्ष स्याङ्तानले बजारबाट नजिकै रहेपनि विभिन्न पूर्वाधारले पछि परेको उक्त बिद्यालयमा आवश्यक सहयोगको अपेक्षा व्यक्त गरेका थिए । ८ कक्षासम्म अध्ययन हुने बिद्यालयमा एकसय ५४ जना विद्यार्थी अध्ययनरत् छन् ।

# संसदमा तोडफोड गरे सांसदले क्षतिपूर्ति तिर्नुपर्ने

काठमाडौं/सांसदहरुले संसदमा कुनै सामान तोडफोड गरेमा आफैंले क्षतिपूर्ति तिनुपर्ने भएको छ ।

१० माघमा गठित नियमावली मस्यौदा समिति प्रतिनिधि सभाको नियमावली परिमार्जनमा केन्द्रित छ । नियमावली परिमार्जनका क्रममा समिति सदस्यहरु सांसदले कुनै भौतिक क्षति पुऱ्याए उनैबाट भराउने व्यवस्था राख्न एकमत भएका हुन् ।

विगतमा सांसदहरुले संसद बैठकस्थलमा कुर्सी र माइक फोडेको इतिहास छ । एमाले नेता तथा संविधानसभाका अध्यक्ष सुवास नेम्वाङ कुर्सी र माइक फुटाएपछि क्षतिको विवरण संकलन गर्न समिति गठन गरिएको र ७ लाखसम्म क्षतिपूर्ति भराउन सिफारिस भएको सम्झिन्छन् । '७ लाख त हो क्षतिपूर्ति भराऔं भनेको, होइन भन्ने भयो र त्यो त्यसै रह्यो' नेम्वाङले मस्यौदा समितिको बैठकमा भने ।

संसदमा भएका तोडफोडका घटनालाई ख्याल गरेर प्रतिनिधिसभा नियमावली २०७५ मा पनि कुनै सांसदले संसद बैठकमा भौतिक क्षति पुऱ्याए स्वयंबाट भराउने व्यवस्था राखिएको थियो । जसलाई यसपटक पनि निरन्तरता दिन लागिएको हो ।

नियमावली मस्यौदा समितिमा जुटेको सहमति अनुसार नियमावलीमा संसदमा सुव्यवस्था कायम राख्ने सभामुखलाई विशेष अधिकार दिने व्यवस्था राखिनेछ । जहाँ संसदमा सांसदले भौतिक क्षति पुऱ्याए स्वयंबाट क्षतिपूर्ति भराइने प्रावधान रहनेछ ।

नियमावलीको मस्यौदा अनुसार प्रतिनिधिसभा बैठक कक्षमा शान्ति, सुव्यवस्था कायम गर्नु प्रत्येक सांसदको कर्तव्य हुनेछ ।

कुनै पनि सांसदले अनुशासन भंग गरेमा, गर्न लागेमा, सभाको प्रतिष्ठामा आँच आउने किसिमले बैठक कक्षभित्र ध्वंसात्मक कार्य गरेमा, बल प्रयोग गरेमा वा गर्न लागेमा, कुनै भौतिक हानी नोक्सानी पुऱ्याएमा सभामुखले बैठक कक्षबाट तत्काल निष्कासन गर्न मर्यादापालकलाई आदेश दिन सक्नेछन् ।

'यसरी निष्कासित सांसदलाई सभामुखले बढीमा पन्ध्र दिनसम्म निलम्बन गरी क्षति भएको भौतिक सामग्रीको क्षतिपूर्ति निजबाटै भराउने आदेश दिन सक्नेछ' नियमावलीको मस्यौदामा उल्लेख छ ।

कुनै सांसदले बैठकमा आपत्तिजनक वा ध्वंसात्मक व्यवहार गरेको वा बैठक कक्षमा भौतिक हानी नोक्सानी पुऱ्याएको कुरा सभामुखलाई बैठक सम्पन्न भएपछि थाहा भएपनि कारबाही हुनेछ । नियमावली अनुसार यसरी निष्कासित भएको सांसदले १५ दिनसम्म प्रतिनिधि सभा र कुनै पनि संसदीय समितिको बैठकमा उपस्थित हुन पाउने छैन ।

तर सभामुखले कारबाहीको आदेश दिनुभन्दा अगाडि सम्बन्धित सदस्यलाई आफ्नो सफाइ पेश गर्ने मौका दिनुपर्ने व्यवस्था नियमावलीमा राखिएको छ । कारबाहीमा परेर निष्कासित वा निलम्बित भएको सांसदले चित्त बुझ्दो सफाइ पेश गरे वा आफ्नो भूल स्वीकार गरे सभामुखले माफी दिएर कारबाही फिर्ता लिन सक्छन् ।

संघीय संसद

# लेखा व्यवस्थापन तालिम समापन

हेटौंडा, १९ माघ/ सामुदायिक वनको संस्थागत ढंगबाट अभिलेखीकरण गर्न सञ्चालित ३ दिने लेखा व्यवस्थापन तालिम समापन भएको छ ।

सामुदायिक वन उपभोक्ता महासंघ, मकवानपुरको आयोजना र हेटौंडा उपमहागरपालिकाको आर्थिक सहयोगमा माघ १६ गतेदखि हेटौंडा-६ मा रहेको चित्रेपानी सामुदायिक वन समूहको सभाहलमा सञ्चालित ३ दिने लेखा व्यवस्थापन तालिम समापन भएको हो ।

हेटौंडा-६ का वडाध्यक्ष विष्णुबहादुर दाहालको प्रमुख आतिथ्यता एवम् महासंघ, मकवानपुरका अध्यक्ष साधुराम चौलागाईको सभाध्यक्षतामा तालिमको समापन गरिएको थियो । सामुदायिक वन उपभोक्ता समूहले गरेका विभिन्न कार्यहरुको पारदर्शी, ब्यवस्थित र संस्थागत ढङ्गबाट अभिलेखीकरण गर्न सिकाउने उद्देश्यका साथ तालिमको आयोजना गरिएको महासंघले जनाएको छ ।

तालिममा वंशगोपाल माविका प्राचार्य रमेशप्रसाद लामिछाने, सामुदायिक वन उपभोक्ता महासंघ, मकवानपुरका कोषाध्यक्ष बलराम अधिकारी, स्थानीय महासंघ, हेटौंडाका अध्यक्ष शम्भुप्रसाद न्यौपाने, सहजकर्ता सन्ध्या शिवाकोटी र रानी सामुदायिक वनका कार्यालय सचिव भीमसेन पौडेलले सहजीकरण गर्ने कार्यक्रम छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

**नेपाल रत्न हस्पिटल प्रा.लि.**
हेटौंडा उपमहानगरपालिका वडा नं. १, हेटौंडा
बागमती प्रदेश, मकवानपुरको

**प्रस्तावित अस्पतालको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धि सार्वजनिक सुनूवाई बारेको सूचना**

यस नेपाल रत्न हस्पिटल प्रा.लि.द्वारा हेटौंडा उपमहानगर पालिका वडा नं. १ चौकीटोल, हेटौंडामा प्रस्तावित अस्पतालको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी सार्वजनिक सुनूवाई कार्यक्रम निम्न मिति, समय र स्थानमा हुने हुँदा उक्त अस्पताल आयोजनाको निर्माण तथा संचालनले त्यस क्षेत्रको वातावरणमा पर्नसक्ने प्रभावहरुका सम्बन्धमा राय सुझाव र प्रतिक्रिया लिन प्रस्ताव क्षेत्रमा स्थानीय बासिन्दा, सरकारी एवम् गैरसरकारी संघसंस्था, सम्बन्धित वडा प्रतिनिधिहरु, राजनीतिक दलका प्रतिनिधिहरु, सरोकारवाला निकाय एवम् व्यक्तिहरुलाई कार्यक्रममा उपस्थित भई राय सुझाव एवम् प्रतिक्रिया पेश गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**सार्वजनिक सुनुवाई हुने स्थान:** प्रस्तावित आयोजना स्थल, हेटौंडा-१, चौकीटोल (ओम नमोबुद्ध होटल नजिक)
**मिति:** २०७९ साल माघ २३ गते सोमबार
**समय:** बिहान १० बजे ।

**"तपाई, हामी सबैको कुरा"**

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

साझाकुरा

हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिस्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा
राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिन्छ ।
www.sajhakuranews.com

# एक दिनमै ७ हजार दर्शकले अवलोकन गरे महोत्सव

साझाकुरा संवाददाता

हेटौंडा, १९ माघ/ हेटौंडामा जारी १० औं राष्ट्रिय औद्योगिक व्यापार महोत्सवमा विहीवार एकै दिन ७ हजार जना दर्शकले अवलोकन गरेका छन् ।

महोत्सवमा बुधवारभन्दा बिहीवार धेरै दर्शक आएको आयोजक मकवानपुर उद्योग वाणिज्य संघले जानकारी दिएको छ । बुधवार महोत्सवमा करिब ५ हजार दर्शकले अवलोकन गरेका थिए । महोत्सव अन्तिमतर्फ जाँदा दर्शकहरुको संख्यामा पनि वृद्धि भइरहेको संघका अध्यक्ष कृष्णकुमार गुप्ता अग्रवालले जानकारी दिए । महोत्सव २३ माघसम्म सञ्चालन हुनेछ । मकवानपुर उद्योग वाणिज्य संघको मुख्य आयोजनामा हेटौंडा उपमहानगरपालिका-१०, स्थित भुटन्देवी पार्कमा महोत्सव भइरहेको हो ।




विहीबार महोत्सवमा मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेको प्रमुख आतिथ्यता थियो । कार्यक्रममा सहायक प्रजिअ नेत्र शर्मा, बागमती प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा. शरणकुमार पाण्डे, मकवानपुरका प्रहरी प्रमुख बामदेव गौतम, सशस्त्रका प्रहरी निरीक्षक अनिल कार्की, अनुसन्धानका उपनिर्देशक पप्पुशर्मा पौडेल, पशुपन्छी निर्देशनालयका निर्देशक डा. बज्रकिशोर ठाकुर, प्रदेश दुग्ध विकास बोर्डका कार्यकारी उपाध्यक्ष टीकाबल्लभ सापकोटालगायतको आतिथ्यता थियो ।

महोत्सवमा बिहीवार करिब २० लाखको कारोबार भएको छ । महोत्सवमा रहेका तीनसयभन्दा बढी स्टलहरुमा जुम्लाको मार्सी चामल, केराको परिकार, मकवानपुरगढीको रैथाने बाली कोदोको पिठोबाट कोदोको विष्कुट, निमकिन, पोखराको खुवा, हिमाली भीरमौरीको मह, भोजपुरे खुकुरी, प्राचीन हस्तकलाको झ्याल र ढोका, ल्यापटप एवम् मोबाइलको फ्रि सर्भिसिङ, मोड्युलर किचेन, टाटा, सीजीका विभिन्न किसिमका इलेक्ट्रिक गाडीहरु, बालबालिकाको लागि फन पार्क, घरायसी समान लगायतको बिक्री वितरण भइरहेको संघका महासचिव दीपक उप्रेतीले बताए ।

यसैगरी, बिहीवार महोत्सवमा गायक हेमन्त शर्मा र कृष्ण काफ्लेले आफ्नो सांगीतिक प्रस्तुति दिएका थिए । चर्चित गायिका प्रिती आले सांगीतिक माहोल तताएकी छन् । उनले व्याटल गीत गाउँदै सबै दर्शकलाई नचाएकी थिइन् । गायिका आलेले तिमी जस्तो तिग्रे कति बिग्रेबिग्रे..., चौतारीका वर पिपल छायाँ..., बाबरी बाबरी..., न सम्पति न मेरो जीउडाल के को माया जाल... लगायत लोकभाका र झ्याउरे भाकाका गीतहरु प्रस्तुत गरेकी थिइन् । महोत्सवमा मोडल करिश्मा ढकालले नृत्य प्रस्तुत गरेकी थिइन् भने कमेडियन शिवहरि नेपाल र अस्मिताले हास्यव्यंग्य प्रहशनमार्फत् दर्शकहरुलाई हसाएका थिए ।

महोत्सवको आज शुक्रबार दशौं दिन रहेको छ । आज चर्चित सांगीतिक ब्याण्ड कर्मा ब्याण्डको प्रस्तुति रहनुका साथै गायक मानसराज र ऋतु कंडेलले मनोरञ्जन प्रदान गर्ने तय भएको महोत्सवका कलाकार मनोञ्जन समितिका संयोजक एवम् संघका उपाध्यक्ष उज्वल चौलागाईले जानकारी दिए । महोत्सवमा हेटौंडा आइडल गायन प्रतियोगिता र हेटौंडा डान्सिङ स्टार प्रतियोगिता पनि भइरहेको छ । हेटौंडा आइडल र हेटौंडा डान्सिङ स्टारमा मकवानपुरका विभिन्न नवप्रतिभाहरुले प्रतिस्पर्धा गरिरहेका छन् । हेटौंडा आइडलको आफ्ना मनपर्ने प्रतिस्पर्धीलाई एसएमएस र टिकटको अर्धकट्टीबाट भोट हाल्न सकिने व्यवस्था गरिएको आयोजकले जनाएको छ ।

यसैगरी, महोत्सवमा आएका दर्शकहरु निःशुल्क स्वास्थ्य शिविरमा सहभागीसमेत भएका छन् । बिहीबार हेटौंडा मेडिसिन सेन्टरका चिकित्सकहरुबाट स्वास्थ्य परीक्षण गरिएको थियो । आज शुक्रबार हेटौंडा उपमहानगरपालिकाको स्वास्थ्य महाशाखाबाट निःशुल्क स्वास्थ्य परीक्षण हुने संघले जानकारी दिएको छ ।

# एमाले सरकारमा गएको काम गर्न हो: मन्त्री थपलिया

साझाकुरा संवाददाता

हेटौंडा, १९ माघ/ बागमती प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलियाले इमान्दारी पूर्वक काम गर्न एमाले सरकारमा गएको बताएका छन् ।

हेटौंडामा बिहीबारदेखि सुरु राष्ट्रिय युवा संघ नेपालको तेस्रो केन्द्रीय कमिटी बैठकमा बोल्दै मन्त्री थपलियाले एमाले जनताप्रति सधैं इमान्दारिताका साथ उत्तरदायी हुने बताए ।




नेकपा एमालेका केन्द्रीय सदस्यसमेत रहेका मन्त्री थपलियाले ४ मंसिरमा भएको चुनावले एमालेलाई ५ वर्ष धैर्य गर्न भनेको भएपनि परिस्थिति बदलिएकोले एमाले सरकारमा सामेल भएको धारणा राखे । उनले युवा संघले नेकपा एमालेका उम्मेद्बार जिताउन सधैं साथ दिएको स्मरण गरेका छन् । जनताले विश्वास गरेका कारण आफूहरुले चुनाव जितेर प्रदेश सरकारमा सामेल भएको थपलियाले बताए ।

आफूहरुले राम्रो काम गर्ने प्रतिबद्धता जनाउँदै उनले भने- 'युवा संघ र जनताको शिर नझुक्ने गरी जतिञ्जेल काम गर्न सक्छौं, काम गर्न पाइन्छ त्यतिञ्जेलसम्म इमान्दारीपूर्वक काम गर्नेछौं,' पार्टी अध्यक्ष केपी शर्मा ओलीको सुझबुझपूर्ण निर्णयका कारण आफूहरु सरकारको नेतृत्व गर्ने अवस्थामा पुगेको भन्दै उनले शिर नझुकाइ सन्तुलनमा रहेर काम गर्ने विश्वास दिलाएका छन् । आगामी ५ वर्षपछि हुने चुनावका लागि आजैदेखि तयारी थाल्न युवा संघलाई आग्रह गरे । युवा संघले एमालेका नीति, बिचार र कामको प्रचारलाई सशक्त ढंगले अगाडि बढाउन सुझाव दिए ।

# एकसय ८९ जनाको निःशुल्क स्वास्थ्य परीक्षण

साझाकुरा संवाददाता

हेटौंडा, १९ माघ/ मकवानपुरको विकट राक्सिराङ गाउँपालिकामा एकसय ८९ जनाको निःशुल्क स्वास्थ्य परीक्षण गरिएको छ ।

रिद्धिसिद्धि सिमेन्ट लिमिटेड हेटौंडाको आयोजनामा राक्सिराङ गाउँपालिका वडा नम्बर ४ मा भएको एक दिने स्वास्थ्य शिविरमा एकसय ८९ जनाको निःशुल्क स्वास्थ्य परीक्षण गरिएको हो । एक दिवसीय शिविरमा जनरल फिजिसियन, बाल रोग, महिला रोग, हाडजोर्नी तथा नसा, छाला रोगको परीक्षण तथा औषधि वितरणसमेत गरिएको थियो ।



शिविर राक्सिराङ गाउँपालिकाको समन्वय तथा कलेज अफ मेडिकल साईन्स (पुरानो मेडिकल कलेज)को प्राविधिक सहयोगमा भएको थियो । कार्यक्रम राक्सिराङ गाउँपालिका वडा नम्बर ४ का अध्यक्ष सञ्जय कोइरालाको सभाध्यक्षता तथा रिद्धिसिद्धि सिमेन्ट लिमिटेड हेटौंडाका प्रमुख कार्यकारी अधिकृत गुणबहादुर खनालको प्रमुख आतिथ्यतामा भएको थियो । कार्यक्रममा कलेज अफ मेडिकल कलेजका मेनेजर दुर्गा न्यौपाने, राक्सिराङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गड्तौला, रिद्धिसिद्धि सिमेन्ट लिमिटेडका खानी प्रमुख गणेशकुमार सिंह, प्रशासन प्रमुख अच्युत पराजुली, सप्लाई चेन प्रमुख गुरुप्रसाद घिमिरे, समाजसेवी सम्राट तुम्बाहाङ्फेलगायत उपस्थित थिए ।

# सामाजिक सुरक्षा कार्यक्रम लागू गर्न माग

साझाकुरा संवाददाता

हेटौंडा, १९ माघ/ नेपाल ट्रेड युनियन महासंघ बागमती प्रदेश समितिले योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम लागू गर्न बागमती प्रदेश सरकारसँग माग गरेको छ ।

ट्रेड युनियन प्रदेश समितिले बिहीवार प्रदेशका श्रम, रोजगार तथा यातायात मन्त्री एकालाल श्रेष्ठलाई ज्ञापन पत्र बुझाउँदै सामाजिक सुरक्षा कार्यक्रम लागू गर्न माग गरेको हो । ट्रेड युनियनका प्रदेश अध्यक्ष रामहरि नेपालसहितको टोलीले मन्त्री श्रेष्ठसमक्ष ऐन, नियम, कानूनअनुसार सञ्चालन भएका कम्पनि, कार्यालयहरु, उद्योग, प्रतिष्ठान, संघसंस्थाहरुलाई सामाजिक सुरक्षा कार्यक्रम लागू गर्नका लागि माग गरेको हो ।

बागमती प्रदेशका १३ वटा जिल्लाका एकसय १९ वटै स्थानीय तहमा श्रम डेस्क सञ्चालनमा ल्याउन पनि माग गरिएको छ । मन्त्री श्रेष्ठले उचित मागको सम्बोधन हुने प्रतिबद्धता जनाएका छन् । प्रदेश सरकारले सामाजिक सुरक्षा कार्यक्रम लागू गराउन आवश्यक भूमिका प्राथमिकताका साथ खेल्ने मन्त्री श्रेष्ठले बताएका छन् ।

# ६ महिनामा दुई जनामा दादुरा संक्रमण

साझाकुरा संवाददाता

हेटौंडा, १९ माघ/ मकवानपुरमा चालू आर्थिक वर्षको ६ महिनामा दुई जनामा दादुरा संक्रमण देखिएको छ ।

जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरका अनुसार मकवानपुरमा चालू आवको ६ महिनामा दुई जनामा दादुरा संक्रमण देखिएको हो । कार्यालयका अनुसार यो संख्या विगतको तुलनामा कम हो । जिल्लामा अघिल्ला वर्षहरुको तुलनामा दादुराको संक्रमितहरु घट्दै गएको कार्यालयले बताएको छ । कार्यालयका अनुसार मकवानपुरमा आर्थिक वर्ष ०७६/०७७ मा ३३ जनामा, आर्थिक वर्ष ०७७/७८ मा १८ जनामा, आर्थिक वर्ष ७८/७९ मा ३ जनामा र यस आर्थिक वर्षको गत ६ महिनामा २ जनामा दादुरा देखा परेको छ ।

हालसम्ममा सबैभन्दा बढी मकवानपुरगढी गाउँपालिकामा दादुराको संक्रमित देखा परेको कार्यालयको तथ्याङ्कमा उल्लेख छ । मकवानपुरगढीमा आर्थिक वर्ष ०७६/७७ देखि हालसम्ममा १३ जनामा दादुरा देखा परेको छ । भीमफेदी गाउँपालिकामा आर्थिक वर्ष ०७६/७७ मा ११ जनामा र ०७७/७८ मा १ जनामा देखा परेकोमा त्यसपछिका समयमा शून्य अवस्थामा रहेको पाइएको स्वास्थ कार्यालय मकवानपुरका जनस्वास्थ्य अधिकृत लक्ष्मण घिमिरेले जानकारी दिए ।

त्यस्तै, कैलाश गाउँपालिकामा ०७६/७७ मा ८ जनामा देखा परेकोमा सोपश्चात्का वर्षहरुमा शून्य रहेको पाइएको छ । उनका अनुसार चालु आर्थिक वर्षमा हेटौंडा उपमहानगर पालिकामा १ जना र बकैया गाउँपालिकामा १ जना गरी २ जनामा देखा परेको छ । दादुरा खोप बच्चा जन्मिएको ९ र १५ महिनाभित्रका बालबालिकामा दुई पटक लगाइने गरिन्छ । जुन खोप गतवर्षहरुको तुलनामा हाल १०० प्रतिशत नै लगाइएको पाइएको जनस्वास्थ्य अधिकृत घिमिरेले बताए ।

# खुला कविता प्रतियोगितामा चौलागाईं प्रथम

साझाकुरा संवाददाता

हेटौंडा/बाल अधिकार विषयक खुला कविता प्रतियोगितामा हेटौंडा स्कूल अफ म्यानेजमेण्टकी रोशनी चौलागाईं प्रथम भएकी छन् ।

रेडियो मकवानपुरको १३ औं वार्षिकोत्सव तथा सञ्चालक संस्था दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको २५ औं स्थापना दिवसको अवसरमा जारी सप्ताहव्यापी कार्यक्रमअन्तर्गत् विहीबार कविता प्रतियोगिता भएको थियो । प्रतियोगितामा हेटौंडा स्कूल अफ म्यानेजमेण्टकी चौलागाईं प्रथम भएकी हुन् ।




दशजोड दुईसम्मका विद्यार्थी सहभागी प्रतियोगितामा जीएस निकेतनका समर्पण न्यौपाने द्वितीय र बालजागृति इङ्लिस सेकेण्डरी स्कूलका कृषाङ्गी अर्याल तृत्तीय भएका छन् । प्रतियोगितामा मकवानपुरको विभिन्न विद्यालयका २२ जना विद्यार्थी सहभागी थिए । प्रथम, द्वितीय र तृत्तीय भएकाहरुले क्रमशः नगद १० हजार, ७ हजार र ५ हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गर्ने छन् । उनीहरुलाई सप्ताहव्यापी कार्यक्रमको समापनको अवसरमा यही माघ २२ गते पुरस्कार प्रदान गरिनेछ ।

प्रतियोगितामा भीम विराग सङ्गीत साहित्य कला प्रतिष्ठानका अध्यक्ष हयग्रीव आचार्य, नेपाली लेखक सङ्घ मकवानपुर अध्यक्ष छवि अनित्य र साहित्य संगम मकवानपुर अध्यक्ष अनिता न्यौपानेले निर्णायकको भूमिका निर्वाह गरेका थिए । कविता प्रतियोगितामा ४ जनाले अप्रतियोगीको रुपमा आफ्नो कविता प्रस्तुत गरेका थिए । रेडियो मकवानपुर सञ्चालक समिति अध्यक्ष आनन्दराम पराजुलीको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिका १ नम्बर वडा अध्यक्ष एवम् उपमहानगरका प्रवक्ता सविन न्यौपानेको प्रमुख आतिथ्यता थियो ।

रेडियो मकवानपुरले सामुदायिक रेडियोको भूमिका निर्वाह गरिरहेको भन्दै उनले आगामी दिनमा गाउँ समाजको आवाजलाई बुलन्द गर्दै अघि बढ्न अनुरोध गरे । बालजागृति स्कूलका सहायक प्रधानाध्यापक अमोल श्रेष्ठले बालबालिकाको प्रतिभा प्रस्फुटन कार्यक्रममा सहकार्य गर्न पाएको भन्दै खुसी व्यक्त गरे । कार्यक्रममा हेटौंडा उपमहानगरपालिका १ नम्बर वडा सदस्य मनु दाहाल, रेडियो मकवानपुरका प्रबन्ध निर्देशक आशिष दुलाल लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

## नवीकरण तथा साधारण सभासम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा यस निर्माण व्यवसायी संघ, मकवानपुरको साधारण सभा तथा निर्वाचन कार्यक्रम यही २०७९ माघ २८ र २९ गते हुने जानकारी गराउँदै यस संघ अन्तर्गतका सम्पूर्ण निर्माण व्यवसायीहरुले आ.व. २०७९/०८० को लागि इजाजतपत्र नवीकरण गर्ने अन्तिम मिति यही २०७९ माघ २५ गते सम्म रहेको हुनाले उक्त अवधिभित्र नवीकरण गरिसक्नु हुन अनुरोध गरिन्छ । अन्यथा सिफारिस नलिने तथा नवीकरण नगर्ने फर्म/कम्पनीलाई संघबाट दिइने सेवा सुविधाबाट बञ्चित गराउनुको साथै निर्वाचन कार्यक्रममा समेत भाग लिन नपाउने व्यहोरा जानकारी गराइन्छ ।

श्याम सुन्दर ढकाल
अध्यक्ष
**निर्माण व्यवसायी संघ, मकवानपुर**
हेटौंडा, मकवानपुर

## साधारणसभा सम्बन्धी सूचना

उपरोक्त सन्दर्भमा संचालक समितिको निर्णय बमोजिम यस संस्थाको २४ औं वार्षिक साधारण सभा एवम् २५ औं स्थापना दिवसको कार्यक्रम तपशिलको मिति, समय र स्थानमा हुने भएकोले यहाँको गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं । साथै उक्त दिन सम्पूर्ण वित्तिय कारोबार बन्द रहने व्यहोरा सूचित गरिन्छ । यसबाट पर्न जाने असुविधाप्रति क्षमा याचना गर्दछौं ।

**तपशिल:**
**मिति:** २०७९/१०/२२ गते, आइतबार
**समय:** बिहान ११:०० बजे
**स्थान:** हेटौंडा-२, पल्पसा सदन

**दिव्य तारा बहुउद्देश्यीय सहकारी संस्था लि.**
हेटौंडा-२, पल्पसा रोड
सम्पर्क नं. ०५७-५२४९१६, ५२५९१७

## रेष्टुरेन्ट बिक्रीमा

हेटौंडाको मेनरोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणले बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
**सम्पर्क नं.:**
९८४५२९०३९१, ९८५५०८५३९१

## फेन्सी पसलको फर्निचर बिक्रीमा

खोपेगल्ली काका भतिज मार्केटको लाफिङ हाउस सँगै चालू अवस्थामा रहेको फेन्सी पसलको फर्निचर सुपथ मूल्यमा बिक्री रहेकोले खरिद गर्न इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
**सम्पर्क नं.: ९८२१८५३११४, ९८५५०७७७७८**

## थप सुविधाका साथ हाम्रा सेवाहरू

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस अस्पतालमा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

**कार्यरत विशेषज्ञ डाक्टरहरु :**

- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्क्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।


साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेबा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेबाहरु उपलब्ध छ ।

**हेटौंडा मोडेल अस्पताल**
हेटौंडा-१ स्वर्गद्वारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६

## कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





*कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।*

प्रो. अमिता चौधरी
**मेरिना ड्राई क्लिनिङ स्पोट**
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ **डा.प्रशान्त शर्मा**

**अब प्रत्येक दिन**

विहान ८ बजे देखि बेलुकी ५ बजेसम्म OPD सेवा

तथा **२४ सै घण्टा**

स्त्री तथा प्रसुति रोग सम्बन्धि Emergency सेवा

**हेटौडा सिटी हस्पिटलमा**

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :

- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।

थप जानकारीको लागि
**हेटौडा सिटी हस्पिटल प्रा.लि.**
हेटौडा उपमहानगरपालिका-१ फोन न.:०५७-५२०३१५
समग्र स्वास्थ्य परीक्षण (Whole Body Check Up) सेवा साथै हरेक दिन HD Quality को इण्डोस्कोपी (Endoscopy) सेवा प्रदान गरिन्छ । स्तरीय स्वास्थ्य सेवा प्रति समर्पित ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना